1/2/24, 11:53 AM ३.१.२

CamScanner 01-02-2024 11.42_1.jpg

5/28 22, 10:00 AM

उपस्थिति ...docx - Google Docs

दोस्रो कार्यकाल(२०७९-२०८४)

बैठक संख्याः १
मितिः२०७९/०२/१४
समयः बिहान ८.०० बजे
स्थानः महिला संजालको भवन
कालिका-२, चितवन ।

आज मिति २०७९/०२/१४ गते यस कालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री बिनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको प्रथम बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो।

तपसील:

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री बिनोद रेग्मी | |
| २ | नगर उप प्रमुख | श्री बिमला तमाङ्ग | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री बिरेन्द्र तमाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमल राज गुरुङ्ग | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नर जंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री दिपक सिंह परियार | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री ज्योती सुनार | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री धन माया प्रजा | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री भुव कुमारी राना मगर | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| २० | नगर कार्यपालिका सदस्य | श्री फारम कुमारी ढकाल | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| २२ | सचिव | श्री निशान राज गौतम | |

## प्रस्ताव एवं निर्णयहरु (प्रथम बैठक २०७९/०२/१४)

| | | |
|---|---|---|
| १. | धन्यवाद ज्ञापन सम्बन्धमा। | स्थानीय तह निर्वाचन, २०७९ मा अमुल्य मत दिएर यस नगरपालिकाको जनप्रतिनिधिको रुपमा निर्वाचित गराउनुहुने सम्पूर्ण कालिका नगरवासी प्रति हार्दिक धन्यवाद एवं आभार प्रकट गर्ने निर्णय गरियो । |
| २. | राजश्व परामर्श समिति गठन सम्बन्धमा । | यस नगरपालिकामा राजश्व सम्बन्धी परामर्शको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा व्यवस्था भए अनुसार नगर उप-प्रमुख श्री विमला तमाङको संयोजकत्वमा तपशिल बमोजिमका सदस्य रहने गरी राजश्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।<br><br>**तपशिल :**<br>संयोजक, उपप्रमुख श्री विमला तमाङ<br>सदस्य, प्रमुख प्रशासकीय अधिकृत<br>(तल कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्ये एक जना महिला सहित दुइ जना सदस्य)<br>सदस्य, श्री ज्योती सुनार<br>सदस्य, श्री सन्तबीर स्याङदान<br>सदस्य, निजी क्षेत्रको उद्योग वाणिज्य संघको नगर तहको प्रतिनिधि श्री गोविन्द सुवेदी<br>सदस्य, श्री अर्जुन मर्दनिया (पदमपुर बजार व्यवस्थापन समितिको अध्यक्ष)<br>सदस्य-सचिव राजश्व शाखा प्रमुख<br>समितिको काम,कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम हुने । |
| ३. | न्यायिक समिति गठन सम्बन्धमा । | कानून बमोजिम नगरपालिकाको अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न नेपालको संविधान बमोजिम नगर उप-प्रमुख श्री विमला तमाङको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने र समितिमा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने व्यवस्था भएकोले तपशिलमा उल्लेखित दुइ जना सदस्य लाइ सर्वसम्मत रुपमा निर्वाचित गर्न यस सम्बन्धी प्रस्ताव आगामी नगरसभामा लैजाने निर्णय गरियो ।<br>तपशिलः<br>सदस्य, श्री लक्ष्मी नारायण चौलागाई<br>सदस्य, श्री दिपक बहादुर भट्टराई |
| ४. | लेखा समिति गठन संबन्धमा | नगरसभाबाट गठन हुने लेखा समितिको संयोजक र सदस्यमा तपशिलका सदस्य रहने गरी प्रस्ताव लैजाने निर्णय गरियो ।<br><br>तपशिलः<br>क) श्री टिकाराम रेग्मी -संयोजक<br>ख) श्री विरेन्द्र तामाङ्ग -सदस्य<br>ग) श्री शान्ती महतो -सदस्य |

निशान राज गौतम
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख

| | | |
|---|---|---|
| ५. | सोत अनुमान तथा वजेट सीमा निर्धारण समिति गठन सम्बन्धमा । | नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भए अनुसार नगर प्रमुख श्री विनोद रेग्मीको संयोजकत्वमा तपशिलका सदस्य रहने गरी स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो :<br>तपशिल :<br>संयोजक श्री विनोद रेग्मी<br>सदस्य श्री विमला तमाङ<br>( तल कार्यपालिका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्येक समेत प्रतिनिधित्व हुने गरी प्रमुखले तोकेको चार जना सदस्य)<br>सदस्य श्री सन्तबीर स्याङदान<br>सदस्य श्री चित्र बहादुर मगर<br>सदस्य श्री लक्ष्मण पौडेल<br>सदस्य श्री नरजंग प्रजा<br>सदस्य-सचिव श्री प्रमुख प्रशासकीय अधिकृत<br>समितिको काम,कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम हुने । |
| ६. | विधेयक समिति गठन सम्बन्धमा । | नगरपालिकाको लागि आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि एव मापदण्डको तर्जुमा,परिमार्जन तथा संशोधनको लागि मस्यौदा तयार गरी कार्यपालिका समक्ष पेश गर्न नगर उप-प्रमुख श्री विमला तमाङको संयोजकत्वमा तपशिल बमोजिमका सदस्य रहेको विधेयक समिति गठन गर्ने र आगामी नगरसभामा अनुमोदनको लागि प्रस्ताव लैजाने निर्णय गरियो ।<br>तपशिलः<br>संयोजक श्री विमला तमाङ (नगर उपप्रमुख)<br>सदस्य श्री मकरमान श्रेष्ठ<br>सदस्य श्री टिकाराम रेग्मी<br>सदस्य-सचिव प्रशासन शाखा प्रमुख |
| ७. | अनुगमन तथा सुपरिवेक्षण समिति गठन संबन्धमा । | कालिका नगरपालिकाबाट सञ्चालित आयोजना तथा कार्यक्रमको लागत, परिमाण, समय सीमा र गुणस्तरको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि देहायअनुसारको नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>क) नगर उपप्रमुख – संयोजक<br>( नगर प्रमुखले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरू मध्येबाट दुईजना – सदस्य)<br>ख) श्री लक्ष्मण पौडेल – सदस्य<br>ग) श्री शान्ती महतो - सदस्य<br>घ) श्री कमलराज मुक्तान -सदस्य<br>ङ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य<br>च) योजना शाखा प्रमुख – सदस्य सचिव<br>उपरोक्तानुसारको समितिमा आवश्यकताअनुसार कार्यपालिकाका अन्य सदस्य, विषय विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । साथै समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित आयोजनाका प्रमुख वा प्रतिनिधि, प्राविधिक वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । |

निशान राज गौतम
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
प्रमुख

| | | |
|---|---|---|
| ८. | बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा । | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण र बजेट सीमामा आधारित भई कालिका नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा व्यवस्था भए अनुसार नगर उप-प्रमुख श्री विमला तमाङको संयोजकत्वमा तपशिल बमोजिमका सदस्यहरु रहने गरी <u>बजेट तथा कार्यक्रम तर्जुमा</u> समिति गठन गर्ने निर्णय गरियो :<br>तपशिल :<br>संयोजक, श्री विमला तमाङ<br>सदस्य, आर्थिक विकास समिति संयोजक<br>सदस्य,पूर्वाधार विकास समिति संयोजक<br>सदस्य, सामाजिक विकास समिति संयोजक<br>सदस्य,वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक<br>सदस्य,सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति संयोजक<br>सदस्य, प्रमुख प्रशासकिय अधिकृत<br>सदस्य-सचिव, योजना शाखा प्रमुख<br><br>बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम,कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम हुने ।<br><br>साथै आगामी आर्थिक वर्षको नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा मस्यौदा लेखनको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजनमा तपशिल बमोजिम कार्यदलहरु गठन गर्ने :<br>**क) नीति तथा कार्यक्रम तर्जुमा कार्यदल :**<br>प्रमुख प्रशासकीय अधिकृत – संयोजक<br>आर्थिक प्रशासन शाखा प्रमुख –सदस्य<br>सम्बन्धित विषयगत समितिका सदस्य सचिवहरु -सदस्य<br>**ख) बजेट तथा कार्यक्रम तर्जुमा कार्यदल :**<br>प्रमुख प्रशासकीय अधिकृत – संयोजक<br>आर्थिक प्रशासन शाखा प्रमुख –सदस्य<br>योजना शाखा प्रमुख - सदस्य |
| ९. | गणतन्त्र दिवस मनाउने सम्बन्धमा । | सदा झैं यस वर्ष गणतन्त्र दिवस (२०७९/०२/१५) मनाउने सिलसिलामा नगरकार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुले साँझ दिप प्रज्वलन गर्ने र सम्पूर्ण कालिका नगरवासीहरुलाई गणतन्त्र दिवस भव्यतापूर्वक मनाउन अनुरोध गर्ने निर्णय गरियो । |
| १०. | बजेट तर्जुमाको क्रममा सरोकारवालहरु संग छलफल गर्ने संबन्धमा । | बजेट तर्जुमा प्रक्रियालाई सहभागितमुलक बनाई सबै सरोकारवाला वर्गको अपनत्व बढाउन र राय सुझाव संकलन गर्न सबै विषयगत समितिहरुले आफ्नो क्षेत्रसंग सम्बन्धित विषयविज्ञ एवं सरोकारवाला संग छलफल तथा अन्तक्रिया गर्न अनुरोध गर्ने निर्णय गरियो । |

निशान राज गौतम
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख

| | | |
|---|---|---|
| ११. | विषयगत समितिहरु गठन गर्ने सम्बन्धमा । | वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा विषयगत शाखाबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रूपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिमका विषयगत समितिहरु गठन गर्ने निर्णय गरियो ।<br>**क) आर्थिक विकास समिति**<br>संयोजक श्री दिपक सिंह परियार<br>सदस्य श्री संझना परियार<br>सदस्य श्री फारम कुमारी ढकाल<br>सदस्य सचिव आर्थिक विकास शाखा प्रमुख<br>**ख) सामाजिक विकास समिति**<br>संयोजक श्री मकरमान श्रेष्ठ<br>सदस्य श्री सन्तबीर स्याङदान<br>सदस्य श्री कृष्ण बहादुर प्रजा<br>सदस्य सचिव सामाजिक विकास शाखा प्रमुख<br>सदस्य श्री संझना परियार<br>**ग) पूर्वाधार विकास समिति**<br>संयोजक श्री लक्ष्मण पौडेल<br>सदस्य श्री कमलराज मुक्तान<br>सदस्य श्री धनमाया प्रजा<br>सदस्य सचिव पूर्वाधार शाखा प्रमुख<br>**घ) वातावरण तथा विपद व्यवस्थापन समिति**<br>संयोजक श्री बिरेन्द्र तमाङ<br>सदस्य श्री ज्योती सुनार<br>सदस्य श्री टिकाराम रेग्मी<br>सदस्य सचिव वन वातावरण तथा विपद शाखा प्रमुख<br>सदस्य श्री निलकण्ठ मगर<br>**ङ) संस्थागत विकास र सुशासन समिति**<br>संयोजक श्री दिपक बहादुर भट्टराइ<br>सदस्य श्री सरस्वती खत्री<br>सदस्य श्री भुव कुमारी राना मगर<br>सदस्य सचिव प्रशासन शाखा प्रमुख<br>सदस्य श्री निलकण्ठ मगर<br><br>यस समितिले सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समेतको योजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रूपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्नेछ ।<br><br>माथि उल्लेखित विषयगत समितिहरुले स्वीकृत वार्षिक आयोजना तथा कार्यक्रमभित्र रही बजेट बाँडफाड गरी स्वीकृतिको लागि सिफारिस गर्न सक्नेछन् । साथै संघ तथा प्रदेशबाट प्राप्त शशर्त, समपुरक तथा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु स्वीकृत कार्यविधि, मापदण्ड, मार्गदर्शन/निर्देशन तथा शर्तको परिधिभित्र रही छनौट तथा प्राथमिकीकरण गरी स्वीकृतिको लागि सिफारिस गर्न सक्नेछन् । |
| १२. | स्वागत तथा विदाइ खर्च व्यवस्थापन संबन्धमा । | नवनिर्वाचित पदाधिकारीहरुको स्वागत तथा निवर्तमान पदाधिकारीहरुको विदाईका क्रममा पेश भएको विल भरपाई बमोजिमको (खाना,उपहार,मसलन्द लगायत )व्यवस्थापकीय खर्च चालु बजेट शिर्षकबाट व्यहोर्ने गरी भुक्तानी गर्ने निर्णय गरियो । |

निशान राज गौतम
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख